# पुन समाज युके
# PUN SAMAAJ UK

ESTD - 2007
UK CHARITY REG NO - 1160842

## हाम्रो परिचय

नेपालको वर्तमान राज्य व्यवस्थाअनुसार पुन जाति नेपालको एक विशिष्ट पहिचान बोकेको आदिवासी जनजाति हो। हाम्रो समुदायको उत्पत्ति कहाँ, कहिले र कसरी भएको थियो भन्ने कुरा लिखित इतिहासको अभावमा अहिले सम्म एकिन गर्न सकिएको छैन। तर हाल आएर हाम्रा केही बुद्धिजिवी र अग्रजहरुले यसलाई अनुसन्धान गर्ने काम भैरहेको छ।आदिम काल देखि म्याग्दी, पर्वत, बाग्लुङ, रुकुम र रोल्पाका तत्कालीन चार हजार हिमाली क्षेत्रहरुमा पुन जातिहरुको बसोवास भएको पाइन्छ।

हाम्रा पुर्खाहरू बिशेष गरि प्रकृतिपूजक थिए। प्रकृतिको पूजा गर्ने परम्पराको थालनी गर्ने देवताका रुपमा करपाके बाबाको पूजा गरिन्छ। करपाके बाबाको छोराहरु मध्य जेठा रामचन र कान्छा कुलचनलाई कुलको रूपमा पुजा गरिन्छ। हाम्रो पुन जातिहरुको मुख्य पुजा गर्ने थान म्याग्दी जिल्ला अन्नपूर्ण गाँउ पालिका वडा नंवर ८ काफलडाडामा अवस्थित छ। उक्त स्थानमा हाम्रो जातिहरुको राष्ट्रिय स्तरको पुन संग्रहालय पनि छ। जसमा हाम्रा पुन जातिहरुले प्रयोग गरेका बिभिन्न हातहतियार र दैनिक प्रयोगका सामाग्रीहरु प्रदर्शनको लागि राखिएको छ। हाम्रो पुन जातिहरुको पुजा गर्ने थान नजिकै नौकुने ढुङ्गा पनि छ। हाम्रा झाक्रिहरुको अनुसार करपाके बाबालाई सुन गिद्धले मह भिरवाट उद्धार गरि पहिलो पटक उत्त ठाउँमा अवतरण गरिएको स्थान भएको हुँदा यसको छुट्टै महिमा छ। त्यसको साथै यसले करपाके बाबाको ९ भाई छोराहरुको प्रतिनिधित्व पनि गर्दछ। हाम्रो पुन जातिहरुले करपाके बाबालाई पुजा गर्दा सधै रातो र सेतो धजा चढाई पुजा गर्ने गर्दछौ।

सामान्ती मल्ल राजाहरुको राज्य कालमा हाम्रा पुन जातिहरुलाई जवर्जस्ती दण्ड सजाय तोकी भाषिक प्रतिवन्ध लगाएको कारण हाम्रा पुन जातिहरुले आफ्नो जातिको मौलिक भाषा गुमाएको अवस्था छ। यद्यपि हाम्रो पुन जातिहरुको भाषा अझै पनि केही अवशेषहरु बाँकि रहेको हाम्रो गाँऊ घरहरुमा पाईन्छन।

अन्य जात जातीहरूको जस्तै हाम्रो पुन जाति को पनि आफ्नै छुट्टै मौलिक भाषा संस्कार संस्कृतिहरुले धनी भएको एउटा छुट्टै जाति हो। हाम्रो आफ्नै पौराणिक नाच सिरफूले, पुर्खेउली नृत्य (हाई हाल्ने), सेदो, सालैजो, ठाडे भाका (लस्के भाका) झ्याउरे, यानिमाँया, जस्ता अनेकौ मौलिक विशेष संस्कृति र कुल पुजा, भुमे पुजा, भरा (बराह) पुजा आदि जस्ता छुट्टै संस्कारहरु भएको हुदा यसलाई संरक्षण र सम्बर्दन गर्दै आएका छौ।

सन् 2004 मा, ब्रिटिश सरकारले गोर्खा दिग्गज र उनीहरूका नजिकका आश्रित परिवारहरूलाई आवासीय अनुमति दियो। यसले ब्रिटिस आर्मीमा सेवा गरेका समुदायका कुनै पनि सदस्यहरूलाई बेलायतमा आउन र बस्नको लागि मार्ग प्रशस्त गर्‍यो। साथै, कोही आफ्नै हैसियतमा आएर बसेकाहरु पनि छन्। हाम्रा पुन जातिहरु यहाँ बेलायतमा लगभग ९-१० हजारको संख्यामा रहेको अनुमान गरिएको छ।

हाम्रो समुदायको वास्तविक पहिचान जोगाएर भावी पुस्तामा हस्तान्तरण गर्नु हाम्रो कर्तव्य हो भनी हामी विश्वास गर्छौं। त्यस्तै, समुदायलाई एकताबद्ध गर्न, साथै अप्ठ्यारोमा परेकाहरूलाई सहयोग गर्न र आफन्तहरुको लागि आवास उपलब्ध गराउन सहयोग गर्ने उद्देश्यले सन् २००७ मा पुन समाज युकेको स्थापना भएको हो। अन्ततः 2015 मा, समाजलाई युके च्यारिटीको रूपमा परोपकारी नं. ११६०८४२ दर्ता गरेका छौ।

**धन्यवाद।**

**यु के च्यारिटी न ११६०८४२**
**"जय कर्पाके बाबा"**
**"जय पुन जाति"**
**"जय पुन समाज यु के"**